# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८२/१२/१०

यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को कार्यक्रम तथा बजेटमा भएको दरबन्दी बमोजिम स्थायी सेवामा तपसिल अनुसारको जनशक्ति आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०८२/१२/१० देखि online दरखास्त फाराम आह्वान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकहरुले तोकिएका कागजातहरू सहित यो सूचना प्रकाशित भएको मिति २०८२/१२/१० देखि २०८२/१२/२४ सम्म अर्थात १५ दिन भित्र र डबल दस्तुर जम्मा गरी मिति २०८२/१२/२५ देखि मिति २०८३/०१/०१ (सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) online मार्फत आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरीएको छ । सेवाको लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता नभएको, तोकिएको उमेरहद भित्र नपरेका, तोकिएको अवधि भित्र परीक्षा दस्तुर नबुझाएका वा तोकिएका अन्य रित नपुगेका दरखास्तहरु उपर कुनै कारवाही हुने छैन । छनौट सूचिमा परेका उम्मेदवारहरूलाई मात्र मामिला अध्ययन तथा प्रस्तुतीकरण परीक्षाको लागि सूचित गरिनेछ । यस सम्बन्धी कुनै जिज्ञासा भएमा जनशक्ति विभागमा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद/श्रेणी/तह | पद संख्या | परीक्षा दस्तुर | सेवाको प्रकार | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव | उमेर* | काम गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११/२०८२/८३ | वरिष्ठ अधिकृत, अधिकृत श्रेणी, तह-७ (CA) | ३ | १,०००/- | स्थायी | Chartered Accountancy अथवा सो सरहको परीक्षा उतीर्ण भएको । | २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको । | केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरु |

* महिला उम्मेदरवारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ । वित्तीय संस्थाको बहालवाला कर्मचारीलाई उल्लिखित उमेरको हद लाग्ने छैन । "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेर सम्झनु पर्दछ ।

**अन्य व्यवस्थाहरु :**

१. **परीक्षा हुने मिति र स्थानः** यस वित्तीय संस्थाको Website/ सूचना पाटीमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

२. **परीक्षाको किसिम :** मामिला अध्ययन प्रस्तुतीकरण तथा अन्तर्वार्ता ।

३. **तलब भत्ता तथा सुविधा :** वित्तीय संस्थाको नियमानुसार ।

४. **परीक्षणकाल अवधि :** ६ महिना ।

५. **फाराम भर्ने प्रकिया**

क. **Online बाट फाराम भर्ने प्रक्रिया :** आवेदन फाराम Online बाट मात्र भर्न सकिनेछ । उम्मेदवारले Online मार्फत दरखास्त फाराम भर्दा https://recruit.skbbl.com.np मा आफ्नो विवरण भरी Registration गर्नु पर्नेछ । Registration पश्चात User ID/Password को प्रयोग गरी Login गरेर वित्तीय संस्थाले तोके अनुसार Online दरखास्त फाराम भर्नु पर्नेछ । फाराममा तोकिएका सम्पूर्ण विवरणहरु भरी सो साथ उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो, दस्तखतको नमूना, नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा scan गरी upload गर्नुपर्नेछ । दरखास्त फाराम Submit गरी परीक्षा दस्तुर भुक्तानी भए पश्चात भरिएको फाराम स्वीकृत र अस्वीकृत भएको जानकारी सम्बन्धित उम्मेदवारको मोवाइल/ईमेलमा प्राप्त हुनेछ । सो अनुरुपको SMS/Email प्राप्त भए/नभएको सम्बन्धमा सम्बन्धित उम्मेदवारले यकिन गर्नुपर्नेछ । उम्मेदवारहरुलाई परीक्षाको प्रवेशपत्र अनलाइन मार्फत नै प्राप्त हुने हुँदा आफ्नो User ID/Pasword सुरक्षित राख्नु पर्नेछ ।

ख. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :** उम्मेदवारले Online मार्फत दरखास्त फाराम Submit गरे पश्चात My Application भित्र Payment pending मा Click गरी आफूले आवेदन गरेको सम्बन्धित विज्ञापनको Pay Option मा गई परीक्षा दस्तुर वापतको रकम Esewa/Khalti मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ । रित नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुने छैन ।

ग. अनलाइन मार्फत प्राप्त आवेदनहरुको स्वीकृत/अस्वीकृत गर्ने अधिकार वित्तीय संस्थालाई हुनेछ ।

घ. Online फाराम भर्दा केही समस्या आएमा यस वित्तीय संस्थाको जनशक्ति शाखाको फोन नम्बर ०१-४१११८९५ Extension 125/120 मा सम्पर्क गर्नुहोला ।

**पदपूर्ति समिति**

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं ।**

फोन: ०१-४१११८९५/५३२०९१३/५९०९६१२

Website: www.skbbl.com.np